# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np


धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**प.सं. :- २०८०।०८१**
**च.नं. :-** ६९०२

**मिति :- २०८१।०१।१२**

**विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।**

श्री संस्थागत विद्यालयहरु सबै,
धनगढी उप-महानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको पत्र संख्या २०८०।०८१, च. नं. ४११, मिति २०८०।०१।०२ को पत्रसाथ संलग्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरवार, काठमाण्डौको पत्र संख्या २०८०।०८१, च. नं. ३४९, मिति २०८०।१२।२२ को पत्र र सूचना अनुसार निजी लगानीका (संस्थागत) विद्यालयमा छात्रवृतिको कोटा निर्धारण गरी विद्यार्थी भर्ना गर्ने गराउने व्यवस्था कार्यान्वयनका लागि सबै महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध भन्ने सूचनामा देहायको व्यवस्थाको कार्यान्वयनका लागि लेखि आएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ। साथै सो संग सम्लग्न पत्र र सूचना पनि [redacted] यसै पत्रसाथ संलग्न छ।

घुम्मन सिंह वडायक
शाखा अधिकृत

**देहाय :**

१) सम्बन्धित विद्यालयबाट प्रत्येक शैक्षिक सत्रमा लिने शुल्कको प्रस्ताव स्थानीय तहमा पेश भई स्थानीय तहबाट प्रत्येक विद्यालयको शुल्क निर्धारण गर्नुपर्ने कानूनी व्यवस्था अनुसार मापदण्ड निर्धारण गरी सम्बन्धित स्थानीय तह र विद्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्ने गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन।

२) शैक्षिक सत्रको सुरुमा नै विद्यार्थी भर्ना /छात्रवृती छनोट र वितरण तथा शुल्कको मापदण्ड निर्धारण गरी सार्वजनिक गर्ने गराउने व्यवस्था कार्यान्वयन हुन।

३) विद्यालयमा विद्यार्थी भर्ना भएपश्चात मात्र छात्रवृतिका कोटा छुट्याउँदा विपन्न र सीमान्तकृत समुदायका बालबालिका भर्ना भई शुल्क तिर्न नै नसकी भर्ना नहुने अवस्था सिर्जना हुने र छात्रवृतिको पहुँच बाहिर हुने स्थिति देखापर्न सक्ने भएकाले विद्यार्थी भर्नाकै समयमा छात्रवृतिको संख्या छुट्याई छात्रवृति प्राप्त गर्ने बालबालिकालाई नि:शुल्क भर्ना हुने व्यवस्था मिलाउनु हुन।

**बोधार्थ तथा अवगतार्थ :**

श्रीमान नगर प्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।
श्रीमान नगर उपप्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : पत्र कार्यालयको वेबसाइट र फेसबुक पेजमा सार्वजनिक गरिदिनु हुन।
श्री १-१९ नं. वडा कार्यालयहरु सबै : आफ्नो वडा कार्यालय अन्तर्गतका सबै संस्थागत विद्यालयहरुलाई जानकारी गराउनु हुन अनुरोध।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- 899

मितिः- २०८०/०१/०२

श्री स्थानीय तह सबै

विषयः जानकारी सम्बन्धमा ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३४९ मिति २०८०/१२/२२ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र र सो साथ सबै स्थानीय तहलाई गरिएको अनुरोध पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रवाटै अवगत गरी सोही बमोजिम हुन आदेशानुसार अनुरोध छ ।

(आयुषी भट्टराई)

शाखा अधिकृत

बोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार।

श्री सूचना प्रविधि शाखा : सबै स्थानीय तहको ईमेलमा Upload गरिदिनु हुन ।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(विद्यालय शिक्षा शाखा)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: ३९८४
दर्ता मितिः १२।२३

पत्र संख्याः- २०८०।८१
चलानी नं.:- ३४६

के.प्र.मं.
८९८
१२।२३

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८०।१२।२२गते
नेपाल सम्वत् ११४४ चिल्लागा १० बिहीबार

विषयः- निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तह समन्वय

२०८०।१२।२३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

आगामी २०८१ सालको शैक्षिक सत्र बैशाख २ गतेबाट प्रारम्भ हुन गइरहेको व्यहोरा सम्बन्धित सबैमा अवगत नै छ। निजी लगानीका (संस्थागत) विद्यालयहरूले शैक्षिक सत्रको सुरुमा नै विद्यार्थी भर्ना, छात्रवृत्ति छनोट र वितरण तथा शुल्कको निर्धारण सम्वन्धमा यसै साथ संलग्न निर्णय कार्यान्वयनका लागि तहाँ मन्त्रालय मार्फत् सवै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूलाई अनुरोध गर्ने भनी यस मन्त्रालय (मा.मन्त्रीस्तर) बाट मिति २०८०।१२।२२ मा निर्णय भएकोले निर्णय अनुसार पत्राचार हुन अनुरोध छ।

२०८०।१२।२२
रामप्रसाद शर्मा
उपसचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**निजी लगानीका (संस्थागत) विद्यालयमा छात्रवृत्तिको कोटा निर्धारण गरी विद्यार्थी भर्ना गर्ने गराउने व्यवस्था कार्यान्वयनका लागि सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध**

१ सम्वन्धित विद्यालयबाट प्रत्येक शैक्षिक सत्रमा लिने शुल्कको प्रस्ताव स्थानीय तहमा पेश भई स्थानीय तहबाट प्रत्येक विद्यालयको शुल्क निर्धारण गर्नुपर्ने कानूनी व्यवस्था अनुसार मापदण्ड निर्धारण गरी सम्बन्धित स्थानीय तह र विद्यालयको वेवसाइटमार्फत् सार्वजनिक गर्ने गराउने व्यवस्थाको प्रभातकारी कार्यान्वयन हुन ।

२ शैक्षिक सत्रको सुरुमा नै विद्यार्थी भर्ना/छात्रवृत्ति छनोट र वितरण तथा शुल्कको मापदण्ड निर्धारण गरी सार्वजनिक गर्ने गराउने व्यवस्था कार्यान्वयन हुन ।

३ विद्यालयमा विद्यार्थी भर्ना भएपश्चात् मात्र छात्रवृत्तिका कोटा छुट्याउदा विपन्न र सीमान्तकृत समुदायका बालबालिका भर्ना भई शुल्क तिर्न नै नसकी भर्ना नहुने अवस्था सिर्जना हुने र छात्रवृत्तिको पहुँच बाहिर हुने स्थिति देखापर्न सक्ने भएकाले विद्यार्थी भर्नाकै समयमा छात्रवृत्तिको संख्या छुट्याई छात्रवृत्ति प्राप्त गर्ने बालबालिकालाई निःशुल्क भर्ना हुने व्यवस्था मिलाउनु हुन ।

२०८०।१२।२२